बधाई तथा सम्मान तुलसीपुर, २६ असार । नेपाल नेत्रज्योति संघका नवनिर्वाचित केन्द्रीय सदस्य कृष्णकुमार गिरीलाई सम्मान गरीएको छ । राप्ती आँखा अस्पताल रक्षाचौरले सोमवार एक कार्यक्रमको आयोजना गरी २४ औं अधिवेसनबाट निर्विरोध निर्वाचित गिरीलाई सम्मान गरेको हो । अस्पतालका प्रमुख मेडिकल डाइरेक्टर डा सुलक्ष्मी कटवालको अध्यक्षता तथा केन्द्रीय सदस्य गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बोल्दै गिरीले नेपाल नेत्रज्योति संघद्वारा सञ्चालीत अस्पतालहरुले अन्धोपन निवारर्णमा ठुलो भुमिका खेलेका भन्दै अव अस्पतालहरुलाई साधन स्रोतयूक्त बनाउन आफु लाग्ने बताएका थिए । ‘मलाई ठुलो जिम्मेवारी आएको छ, तपाईहरुको साथ र सहयोगले अस्पतालको विकाश भएको हो, अव पनि सवैसंग सहकार्यगरी





अस्पताललाई थप सेवासुविधा यूक्तगराउने प्रयत्नमा म लाग्नेछु उनले भने ।' त्यसैगरी गिरीले अस्पतालका कर्मचारीहरुले आँखा स्वास्थ्य सेवा निकै ठुलो भुमिका खेलेको बताए । नेपाल नेत्रज्योति संघ दाङका अध्यक्ष समेत रहेका गिरीले नेपाल भरीकै नेत्रज्योति संघहरुमा दाङले पहिलो पटक तिनबटा अस्पतालहरु सञ्चालन गरेको भन्दै अझै सेवा विस्तार गर्ने प्रतिवद्धता जनाए । कार्यक्रममा अस्पतालका प्रमुख मेडिकल डाइरेक्टर डा सुलक्ष्मी कटवालले अस्पतालको विकाश र नेत्र विशेषज्ञहरुको व्यवस्थापनमा लाग्न सुझाव दिएकी थिइन् । कार्यक्रममा नेपाल नेत्रज्योति संघका सचिव सुरेन्द्र खड्का, सहसचिव चिरञ्जीवि रिजाल, सदस्य ध्रुव गौतमलगायतकाले बोलेका थिए । राप्ती आँखा अस्पतालका कामु नेत्र अधिकृत शालिकराम गौतमको स्वागत मन्तव्यवाट सुरु भएको कार्यक्रमको सहजिकरण सुचना अधिकारी बालाराम खड्काले गरेका थिए ।



